म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३५ शुक्रबार २३ चैत २०८० ने. सं. ११४४ चिल्लागा 5 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा सहकारी लेखापालन तालिम

हेटौंडा, २२ चैत/हेटौंडामा सहकारी लेखापालको ६ दिने तालिम सुरु भएको छ । मकवानपुर जिल्ला बहुउद्देसीय सहकारी संघको आयोजना र बागमती प्रदेश सहकारी विकास बोर्डको सहयोगमा मंगलबारबाट हेटौंडामा सहकारी लेखापालन तालिम सुरु भएको हो । तालिमको बागमती प्रदेश सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका रजिष्टार रोहित पोखरेलले उदघाटन गरेका हुन् । सहकारीमा काम गर्ने कर्मचारीको जिम्मेवारी धेरै हुने हुँदा यस्ता तालिमले क्षमता विकासमा मद्दत पुगोस भन्दै तालिमको आयोजना गरिएको आयोजकले जनाएको छ । तालिममा सहकारीका सिद्धान्त, सहकारी ऐन, नियम, आयब्यय विवरण लगायत विषयमा सहभागीलाई प्रशिक्षण गरिने संघ सचिव प्रतिमा श्रेष्ठले बताइन् । सहकारी संघका अध्यक्ष रामहरि न्यौपानेको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा हेटौडा-४ का अध्यक्ष नवीन सिग्देल, हेटौडा उपमहानगर सहकारी महाशाखाप्रमुख हिमप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैकका प्रमुख रामेश्वर अर्याल, टोल विकास संस्था नगरसमन्वय समिति अध्यक्ष ध्रुव अधिकारी, मकवानपुर जिल्ला सहकारी संघका ब्यवस्थापक गोविन्द दाहाललगायतको आतिथ्यता थियो ।

# मान्छे देख्दा डराउने सन्तोषीले बदलेको वनकरिया समुदाय

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/अहिले सन्तोषी वनकरिया गाउँमै साबुन उद्योग चलाउने तयारीमा तल्लीन छिन् । वनकरिया समुदायका महिलालाई पनि आयआर्जनमा सक्रिय गराउन सन्तोषीको सक्रियता बढेको छ ।





खेतीपातीबाट गुजारा पनि नटर्ने अवस्था भएपछि पछिल्लो एकवर्षमा वनकरिया समुदायको पहिचान नै बदल्न सन्तोषी अग्रसर छिन् । १० वर्षको उमेरमा कक्षा १ मा भर्ना हुन जाँदा विद्यालयका शिक्षक र नयाँ मान्छे देखे डराउने सन्तोषी अहिले गाउँमै उत्पादित साबुन, सरफको बजारीकरण गर्न थालेकी छन् ।

दुई दशक अगाडिसम्म वनमै घुमन्ते जीवन बिताउने वनकरिया समुदायलाई कृषिउत्पादनमा आत्मनिर्भर र उद्यमी बनाउन सन्तोषीको पाइला अघि बढेको हो । उनलाई गाउँका २५ जना वनकरिया र चेपाङ महिलाले साथ दिएका छन् । गाउँघरमा खेर गइरहेको जडीबुटी संकलनमा खटिन्छन् । जसले जति केजी तीतेपाती, निमपत्ता ल्याएर कच्चापदार्थ उत्पादन गर्न त्यही आधारमा पारिश्रमिक पाउने व्यवस्था गरेको सन्तोषीले बताइन् । निमपत्ता, घ्युकुमारी र तीतेपातीको प्रयोग गरेर नुहाउने, मुखधुने साबुन बनाइएको छ ।

उद्योगको बजारीकरण र हरहिसाब सन्तोषीको जिम्मामा छ । सन्तोषीले २०७३ मा एसईई पास गरिन् । सन्तोषी भने १२ कक्षा सरहको बाली विज्ञान (जेटिए) पढ्ने वनकरिया समुदायकी पहिलो हुन् । मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका-४, मुसेधापको कबुलियती वनमा २१ घरधुरीमा ९२ जनसंख्या रहेको वनकरिया समुदाय देशको एकमात्रै ठाउँमा हो । वनकरिया समुदायमा पुरुष भन्दा महिला बढी सक्षम देखिन्छन् । हरेक घरका पुरुषले महिलालाई सोधेर मात्र रकमकलमको ब्यवहार गर्ने गरेको यो समुदाय नजिकै रहेको पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्य बताउँछन् ।

सन्तोषीले १५ वर्ष बढी समयदेखि समुदायमा छर्दै आएको शिक्षाको उज्यालोले यतिबेला वनकरिया समुदायमा पुरुष भन्दा महिला बढी शिक्षित छन् । सन्तोषीले हरेक दिन साँझ महिलालाई भेला गरेर प्रौढशिक्षा दिइरहेकी छन् । सन्तोषीले समुदायका बालबालिकालाई पनि हरेक दिन बिहान पढाउने काम पनि गरिरहेको प्रअ आचार्यले बताए । १० वर्षको उमेरमा पशुपतिनाथ माविमा १ कक्षामा भर्ना हुन जाँदा सन्तोषीलाई निकै उकुसमुकुस बनाएको थियो । 'म त उमेरले पनि ठूलो । सबै भाइबहिनीको बीचमा बसेर पढ्दा पनि धेरै अप्ठेरो महशुस भयो । पहिलोपटक स्कूल देखेको थिएँ । कलम कसरी समाउने थाहा थिएन । समुदायका मानिसहरु वनकरिया भनेर अचम्म मान्थे ।', सन्तोषीले २०६३ सालको सम्झना गरिन् ।

हेटौंडाबाट झण्डै २२ किलोमिटर पश्चिमदक्षिण चुरेघाँचको जंगलमा स्याउले छाप्रोमा बस्थे वनकरियाहरु । वनकरियाकै जीवनमा आधारित 'छेलिएका अनुहार' पुस्तकका लेखक पत्रकार प्रताप विष्टले २०५१ सालमा चुरेघाँचमै पुगेर वनकरिया भेटेर समाचार लेखेपछि देशभर वनकरियाको बारेमा चर्चा भएको थियो । वनमा पाइने कन्दमूल, गिठ्ठाभ्याकुर, तरुल भोक मेटाउने आहारा थिए । तत्कालीन जिल्ला वन कार्यालयले पर्सा वन्यजन्तु आरक्ष (हालको पर्सा राष्ट्रिय निकुञ्ज) को मध्यवर्ती क्षेत्रभित्र वनकरियालाई बसोबासको व्यवस्था मिलाएको थियो । ट्वाङ्ग्रामा बसिरहेका वनकरियालाई २८ चैत २०६२ मा कबुलियती वनको ९ हेक्टर जमिन वन कार्यालयले उपलब्ध गराएको हो ।

२०५२ मा बाबु सानु सोमलाल वनकरिया र माया वनकरियाको कोखबाट सन्तोषी जन्मिएकी हुन् । सात दिदीबहिनीमा माइली सन्तोषीको एक भाइ सञ्जोग वनकरिया छन् । चुरेघाँचमा बसेकै बेला ठूलीदिदीको २०४९ र मुसेधाप आइसकेपछि कान्छी बहिनीको २०६५ सालमा मृत्यु भएको उनले बताइन् । सानै उमेरमा परिवारको जिम्मेवारी काँधमा बोकेकी उनै सन्तोषी अहिले सिंगो गाउँकै अगुवा बनेकी छन् ।

वनकरिया समुदायमा सोचदेखि संरचनासम्ममा आएको आमूल परिवर्तनले सन्तोषीलाई अच्चमित तुल्याउँछ । वनमा स्याउले छाप्राबाट समुदायमा आइसकेपछि जस्तापाताको छाना भएको काठको घर, आफ्नै खेतबारीदेखि पशुपालनबाट समुदायको जीविकोपार्जन भएको देखेर सन्तोषी हर्षित् छिन् । जंगलमै बसेकाले खेतबारी कसरी बनाउने, खेतमा उब्जाउ कसरी गर्ने मेरो कसैलाई थाहा नभएको उनले सुनाइन् । जेटिएको कयौं अवसरलाई त्यागेर गाउँमै बीउ ल्याउने, बेर्ना उमार्ने र गाउँमा वितरण गर्ने काम गरेको सन्तोषीले सुनाइन् ।

गाउँका महिलालाई कृषिकार्य सिकाउँदा खुशी मिलेको उनले सुनाइन् । अहिले आफ्नै खेतबारीमा उत्पादित कृषिउपजले ६-७ महिना खान पुग्ने गरेको उनले बताइन् । खेतीपातीको सामान्य सोचसमेत नभएका वनकरियाको अवस्था अहिले आफ्नै कमाइमा अडिएको देख्दा आफूलाई खुशी मिल्ने उनी बताउँछिन् । ज्यालामजदुरी र निर्वाहमुखी कृषिले मात्रै अवस्था परिवर्तन नहुने भएपछि सन्तोषीकै अगुवाईमा यतिबेला साबुन उद्योग चलिरहेको हो । उद्योग सन्तोषीकै नाममा दर्ता छ ।

वनकरिया समुदायमा २०७६ मा पर्यटन प्रवर्द्धन र सामुदायिक विकासका लागि मनहरी गाउँपालिकाको सहयोगमा होमस्टे निर्माण गरियो । सन्तोषी बसेकै घरमा गाउँपालिकाको ८ लाख रुपैयाँ लगानी गरेर होमस्टे निर्माण गरेको हो । ११ चैत २०७६ मा कोभिड-१९ का कारण लकडाउन भएपछि होमस्टे सञ्चालन गर्ने योजनामा धक्का लागेको सन्तोषीले बताइन् । त्यही होमस्टे हो, जहाँ तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई एकरात बास बसेका थिए । प्रधानमन्त्री भएपछि डा.भट्टराईले देशका सीमान्तकृत समुदायमा गएर एकरात बास बस्ने र उनीहरुको गुनासो सुन्ने अभियान चलाएका थिए ।

वनकरिया समुदायमा छोटो समयमै परिवर्तन आउनुमा सामाजिक सुरक्षा भत्ता पनि एउटा कारण हो । मासिक ४ हजार रुपैयाँ भत्ता आउन थालेपछि घर खर्चबाट बचेको पैसाले तरकारी खेती र पशुपालनमा महिलाहरु अग्रसर भएको सन्तोषीले बताइन् । सुन्तली वनकरियाले मासिक भत्ताबाट जोगाएर स्थानीय सहकारीमा बचत गर्ने क्रम सुरु भएको बताइन् । सुन्तलीले बचत नै सम्पत्ति हो भन्ने सन्देश सन्तोषीले दिएको सुनाइन् । २०८२ सालपछि उनीहरुले भोगचलन गरिरहेको जमिनको सम्झौता सकिँदैछ । सरकारले २०६२ मा कबुलियती वनको १० विगाहा जमिन भोगचलनको लागि दिएको थियो । 'अब २ वर्ष मात्रै बाँकी छ । त्यसपछि पर्सा राष्ट्रिय निकुञ्जले समय सकियो तिम्रो ठाउँ जाउ भन्यो भने हामी फेरि जंगल फर्किनुको विकल्प छैन ।', सन्तोषीले भनिन् ।

सरकारले अल्पसङ्ख्यक सीमान्तकृत आदिवासी समुदायलाई घर बनाइदिन जनता आवास कार्यक्रम सञ्चालन गरेपनि वनकरिया समुदायले घर पाउन सकेका छैनन् । अन्य जाति भन्दा पनि सीमान्तकृत मानिने वनकरिया समुदाय सरकारले नै निर्धारण गरेको मापदण्डको कारण घर सुविधाबाट बञ्चित भएका हुन् । जनता आवास कार्यक्रमको कार्यविधिमा घर बनाउनका लागि आफ्नै नाममा जग्गा हुनुपर्ने प्रावधान राखिएपछि भूमिहीन वनकरिया सरकारी घर पाउनबाट बञ्चित भएका मनहरी-४ का पूर्ववडाअध्यक्ष ध्रुब खड्का बताउँछन् ।

वनकरिया समुदायको कसैको नाममा पनि एक टुक्रा जग्गाको स्वामित्व छैन । तत्कालीन प्रधानमन्त्री भट्टराईले २० वर्षको सम्झौता बढाइदिने वा लालपूर्जा दिलाउन आश्वासन बाँडेको सन्तोषी बताउँछिन् । अहिले बसेको ठाउँ छोड्नुपर्ने चिन्ताले भने आफूलाई सताइरहेको सन्तोषी दु:ख व्यक्त गर्छिन् । 'अहिले लालपूर्जा माग्न सिंहदरबारदेखि सिडिओ कार्यालयसम्म धाएकाधाएै छौं । गर्दिन कसैले भन्दैनन् । काम पनि भएन ।', उनले दुखेसो पोखिन् ।

# अन्तरप्रदेश खेलकुदको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता चैत २५ गते आइतबार देखि हुने भएको छ । बागमती प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश खेलकुद विकास परिषद्, बागमतीको संयुक्त आयोजनामा अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता हुने भएको हो ।




चितवनको भरतपुर स्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतियोगिताको उद्घाटन गर्ने कार्यक्रम रहेको प्रदेश खेलकुद विकास परिषद्, बागमतीका सदस्य-सचिव सूर्यलाल भण्डारीले जानकारी दिए । प्रतियोगितामा एथलेटिक्स, भलिबल, फुटबल, कराँते, तेक्वान्दो, बक्सिङ, पौडी, ब्याडमिन्टन र क्रिकेट गरी ९ खेलको प्रतिस्पर्धा हुनेछ ।

पुरुष फुटबलबाहेक सबै खेल चितवनमा हुनेछ भने पुरुष फुटबल हेटौंडास्थित गौरीटार रंगशालामा हुने भण्डारीले बताए । प्रतियोगितामा १ सय ३६ स्वर्ण, १ सय ३६ रजत र १ सय ८४ कांस्यका लागि प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा सातै प्रदेशका १ हजार ५ सय ४७ खेलाडी सहभागी हुने बताइएको छ ।

उनका अनुसार प्रतियोगितामा शीर्ष तीन स्थान हात पार्ने खेलाडीले क्रमश: ५ हजार, ४ हजार र ३ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् भने हरेक खेलका उत्कृष्ट खेलाडीलाई १० हजार नगदबाट पुरस्कृत गरिने छ । टिम च्याम्पियनलाई चाँदीको रनिङशील्ड प्रदान गरिने छ ।

सदस्य-सचिव भण्डारीले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । प्रतियोगिता सञ्चालन गर्न करिब १२ करोड खर्च हुने आयोजकले जनाएको छ । प्रतियोगिताको समापन वैशाख १ गते गौरीटार रंगशाला हेटौंडामा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गर्ने कार्यक्रम रहेको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9

Scholarships
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats



HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

ENTRANCE
24 Chaitra 2080

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

हाम्रो कुरा

# सरकारको स्थायित्व

नेपालमा राजनीतिक स्थिरता नभएकै कारण युवा पलायन भएको छ । देश छोड्न लालायित जनशक्ति मात्रै उत्पादन भएको छ । १२ कक्षा पास गर्नेबित्तिकै एनओसीका लागि लाइन लाग्ने वा खाडीमा रोजगारी खोज्दै एअरपोर्टमा लाइन लाग्ने जनशक्ति बढी उत्पादन भएको छ । युवाशक्ति पलायनले देश समृद्ध बन्नेवाला छैन । त्यसैले राजनीतिक दलहरुले सोच्ने बेला भएको छ । सरकार परिवर्तनले देश र जनताको हित गर्दैन । बागमती प्रदेश सरकारको दोस्रो कार्यकाल १६ औं महिनामा चल्दैछ । करिब डेढवर्षमा तीनपटक सरकार हेरफेर भएको छ । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तीनपटक विश्वासको मत लिएका छन् । पछिल्लोपटक उनले १९ चैतमा ५६ सांसदको विश्वासको मत पाए । विश्वासको मत पाएलगत्तै २० चैत साँझ नेकपा एमालेका चारजना मन्त्रीलाई शपथ गराउँदै जम्कट्टेलले सरकारलाई पूर्णता दिएका छन् । तर, विनाविभागीय मन्त्री नियुक्त भएकी रमा आलेमगरलाई मन्त्रालयको जिम्मेवारीसहित सरकार व्यवस्थापन गर्न भने बाँकी छ । उनले डेढ वर्षको अवधिमा २१ जनालाई मन्त्री बनाएका छन् । जसमध्ये केही सांसद मन्त्रीमा दोहोरिएका छन् ।

प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गठबन्धन फेरबदल गरिरहँदा बागमतीमा पनि सरकार परिवर्तनको क्रम चलिरहेको हो । केन्द्रबाट निर्देशित संघीयताका कारण प्रदेशमा सरकार हेरफेर भइरहेको छ । प्रदेशको दोस्रो कार्यकालको पहिलो सरकार २५ पुस ०७९ मा बन्यो । ४ मंसिरमा भएको निर्वाचनमा गठबन्धन गरेका नेपाली कांग्रेस र एकीकृत समाजवादीलाई छोडेर प्रधानमन्त्री प्रचण्डले एमाले र राप्रपालगायतका दलको गठबन्धन बनाएका थिए । जसकारण बागमतीमा मुख्यमन्त्री जम्कट्टेलले एमाले र राप्रपालाई सरकारमा सहभागी गराए । २५ पुसमै जम्कट्टेल मुख्यमन्त्री, एमालेबाट जगन्नाथ थपलिया आर्थिक मामिला तथा योजना र राप्रपाका उद्दव थापा खानेपानी, उर्जा तथा सिचाईं मन्त्री नियुक्त भएका थिए । ३ माघमा १०५ सांसदको विश्वासको मत लिएका जम्कट्टेलले ११ माघमा माओवादी केन्द्रबाट आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल र सामाजिक विकासमन्त्रीमा कुमारी मोक्तानलाई नियुक्त गरे । एमालेबाट थप मन्त्रीहरु स्वास्थ्य मन्त्रालयमा रामेश्वर श्रेष्ठ, कृषि तथा पशुपन्छी विकासमा केशव पोखेल र श्रम, रोजगार तथा यातायात मन्त्रत्रालयमा एकालाल श्रेष्ठ ११ माघमा नियुक्त भए । राप्रपाबाट डम्बर तामाङ पर्यटन, उद्योग तथा सहकारीमन्त्री र राजु विष्ट वन तथा वातावरण मन्त्री बने । तर, २ महिनामै पहिलो सरकार ढल्यो । राप्रपाले १३ फागुन र एमालेले १० चैतमा सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । मुख्यमन्त्री जम्कट्टेलले दोस्रोपटक २६ चैतमा नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को समर्थनको सरकार विस्तार गरे । १० चैतमा ६७ सांसदको विश्वासको मत पाएका उनले कांग्रेसबाट आर्थिक मामिलामन्त्रीमा बहादुरसिं लामा र खानेपानी, उर्जा तथा सिचाईं मन्त्रीमा तीर्थ लामालाई नियुक्त गरे ।

७ जेठ ०८० मा कांग्रेसबाटै स्वास्थ्य मन्त्रालयमा उत्तम जोशी, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयमा पुकार महर्जन, वन तथा वातावरण मन्त्रालयमा मसिना खड्का, रामकृष्ण चित्रकार विनाविभागीय मन्त्री नियुक्त भए । सोही मितिमा एकीकृत समाजवादीबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा डा.राजेन्द्रमान श्रेष्ठ र श्रम, रोजगार तथा यातायात मन्त्रालयमा लक्ष्मण लम्साल पुगे । कांग्रेस संसदीय दलका उपनेता चित्रकारलाई साढे दुई महिनासम्म विनाविभागीयमै राखेर मुख्यमन्त्री जम्कट्टेलले अन्तत: मन्त्रालय विभाजन गरेर जिम्मेवारी दिएका थिए । चित्रकारले उद्योग तथा सामान्य प्रशासन मन्त्रीको जिम्मा पाएका हुन् । पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय विभाजन गरेर उद्योग तथा सामान्य प्रशासन मन्त्रालय बनाइएको थियो । मुख्यमन्त्री बनेसँगै जम्कट्टेलले पूर्वमुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले बनाएको १४ वटा मन्त्रालयलाई गाभेर ११ वटामा ल्याएका थिए । तीनपटक सरकार फेरबदल हुँदा माओवादीका तीन मन्त्रीहरु श्रेष्ठ, दुलाल र मोक्तान यथावत रहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २४ गते शनिबार ६ अप्रिल २०२४ । द्वादशी, चैत कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:५१, सूर्यास्त ६:२२ । विश्व खेलकूद दिवस । शनि प्रदोष व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन खिन्न हुनेछ | तुला | : आफन्तले धोका दिन सक्नेछन् |
| वृष | : शरीरमा स्फुर्ती बढ्नेछ | वृश्चिक | : मनमा उमङ्ग बढ्नेछ |
| मिथुन | : घरायसी मेलमिलाप हुनेछ | धनु | : रमाइलो छोटो यात्रा हुनेछ |
| कर्कट | : पढाइलेखाइमा सफलता मिल्नेछ | मकर | : अरुको विश्वास जित्न सकिनेछ |
| सिंह | : घरेलु समस्याले सताउनेछ | कुम्भ | : विवाद बढ्न सक्नेछ |
| कन्या | : काम गर्ने आत्मबल बढ्नेछ | मीन | : उत्साह कम हुनेछ |

# शवदेखि साससम्मै कमिसन र भ्रष्टाचार



श्रीप्रसाद देवकोटा

**घटना नं. १**

केही दिन अगाडि नातेदारको मृत्युपछि दाहसंस्कारको लागि शव पशुपति आर्यघाटमा लग्यौं । मैले काउन्टरमा गएर एक नम्बर घाट बुक गरें । बुकिङ काउन्टरको झ्यालनेर बसेको एक युवकले मेरो हात समात्दै म यहाँको सहयोगी हो, दाहसंस्कारको लागि आवश्यक सामग्री मिलाएर पाउने पसलमा लैजान्छु भन्दै ताने ।

उनैको पछि पछि लाग्दै पसल पुगियो । साहुजीले आवश्यक सामग्रीको सबै लिष्ट हामीसँग छ, सबै सामान र मूल्य मिलाएर हामी पठाइदिन्छौं, तपाईं जाँदै गर्नुहोस् भनेपछि म फर्किएँ । आफन्तसँग कुराकानी गरेपछि घाट सजाउने निचोडमा साहुजीलाई फोन गरें र एकसय माला घाट सजाउनका लागि मगाएँ ।

शव करिब-करिब जलिसक्दै थियो । म बिल तिर्न पसलतिर लागें । तिर्नुपर्ने रकम २२ हजार पुगेको रहेछ । बिल मागें र सामानको संख्या र मूल्य हेर्दै जाँदा १०० वटा माला मगाएकोमा बिलमा १५० लेखिएको रहेछ । मैले साहुजीलाई प्रश्न गरें, जम्मा १०० माला मगाएकोमा बिलमा १५० वटा लेखिएको रहेछ किन ? केही झस्किएको अनुहारमा साहुजीले बाहिरबाट १५० वटा माला मगाएको थिएँ जसमध्ये १०० वटा तपाईंलाई र ५० वटा फिर्ता ल्याउनु भनेको । त्यो भाइले सबै त्यहीं दिएछ भने ।

मैले प्रतिप्रश्न गरें, 'घाटमा १०० वटा माला मात्र गएको छ, नमगाएको मालाको पैसा मैले किन तिर्ने ?' यति भनेपछि साहुजीले डराएको अनुहार बनाएर भने, 'मलाई घाटा परे परोस्, भैगो छोड्दिनुहोस् तपाईंलाई तिराउँदिनँ ।'

५० वटा मालाको मूल्य घटाएर पैसा तिरें । अरु कति समान पठाए वा पठाएनन् केही हिसाब राखिएको थिएन तर बिल सबैको तिरियो । त्यसपछि म घाटतिरै फर्किएँ, शव जलाइसकिएको रहेछ । शव जलाउने व्यक्ति उमेरले करिब ५५ वर्षका बुबालाई धन्यवाद दिँदै उहाँले गर्नुभएको श्रमका लागि १५०० रुपैयाँ उहाँको हातमा राखिदिएँ । तर रिसाउँदै यति पैसाले के हुन्छ आजकल, यो पैसा तपाईं नै राख्नुहोस्, मलाई चाहिएन भन्दै मेरो हातमा फालिदिए ।

पछि मैले १५०० थपेर ३००० दिएपछि बेखुसी मनले लिए । त्यसपछि मलाई घाट बुकिङ काउन्टरबाट पसल चिनाउने लैजाने युवापछि लाग्दै समान ओसारपसार गरे बापतको रकम मागे । आफन्तको मृत्युको पीडाले गलेको म केही नबोली एकहजार रुपैयाँ दिएँ । त्यसपछि घाट सफा गर्ने दुई युवाहरू आएर हामीलाई पनि पैसा दिनुपर्‍यो भने । उनीहरूलाई पनि मैले ५०० को दरले दिएँ । शवको दाहसंस्कार गर्दा पनि ठाउँ-ठाउँमा ठगिनुपर्ने रहेछ ।

**घटना नं. २**

भान्जाको स्वास्थ्यमा समस्या आएपछि पोखराको सरकारी अस्पतालमा चेकजाँच गरियो । परीक्षण गरेपछि डाक्टरसापले एम्बोलाइजेशन गर्नुपर्ने सल्लाह दिनुभयो । काठमाडौंका अस्पतालहरूमा विज्ञ डाक्टरसापहरू उपलब्ध हुने र छिटो पनि हुने परामर्श पनि दिनुभयो । केही डाक्टरसापहरूको नाम लिनुभयो ।

उहाँले उच्चारण गरेका डा.सापहरू खोज्यौं र भेट्न थाल्यौं । एउटै रोग छ तर उपचारको खर्च फरक फरक पायौं । राम्रा कहलिएका निजी अस्पतालमा पनि उही रोगको उपचारमा लाखको फरक । अन्तत: एम्बोलाइजेशनको लागि अस्पतालमा भर्ना गर्‍यौं । उही वार्डकी नर्सले आवश्यक उपकरण र औषधिका लागि एजेन्टको नाम र नम्बर दिनुभयो ।

सुरुमा हामी आफैंले त्रिपुरेश्वरदेखि वीर अस्पताल हुँदै टिचिङ अस्पतालसम्मका प्राय: औषधि पसलहरूमा औषधि खोज्यौं तर पाउन सकिएन । अन्तत: उही एजेन्टलाई सम्पर्क गर्‍यौं । दिएको लोकेसन अनुसार उक्त ठाउँमा पुग्यौं । हामीलाई दिएको सूची अनुसारको उपकरण र औषधि सबै त्यहीं रहेछ । झन्डै एक लाख पचास हजार रुपैयाँ मागियो ।

मैले बिल मागें । तर एजेन्टले केही उपकरण र औषधिहरू डीडीएमा दर्ता नभएकाले अवैधानिक बाटोबाट ल्याएको र बिल दिन नमिल्ने सुनाए । त्यसपश्चात् अनलाइनमा मूल्य हेर्दा भारु ४००० हजार पर्ने उक्त औषधिलाई ३४ हजार रुपैयाँ तिर्न बाध्य भयौं । उपचारमा अत्यावश्यक उपकरण र औषधिहरू किन डीडीएमा दर्ता गरिएन भनी सम्बन्धित केही व्यक्तिहरूसँग कुरा गर्दा कमिसनको कारण मुख्य रहेको सुनाए । करिब वर्षमा ४ अर्बको औषधि अवैधानिक रूपमा आयात हुने र धेरै प्रतिशत नाफा बच्ने हुँदा ठूलै गिरोहको चलखेलले डीडीएमा दर्ता नगरिएको बुझियो ।

**घटना नं. ३**

विज्ञको रूपमा नेपाल सरकारले शिक्षा क्षेत्रमा सञ्चालन गरेका केही कार्यक्रमको मूल्यान्नमा खटिएको थिएँ । यही सन्दर्भमा विद्यालय भ्रमणको अनुभव सुनाउँछु । नेपाल सरकारले बालविकासदेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसबाट करिब ३२ लाख बालबालिका प्रत्यक्ष लाभान्वित छन् । नेपाल सरकारले १८० दिनलाई आधार मानेर प्रति विद्यार्थी रु.१५ का दरले स्थानीय सरकारलाई पठाउँछ । तर वास्तविक विद्यार्थी संख्याभन्दा धेरै विद्यार्थी देखाएर प्रधानाध्यापक, स्रोत व्यक्ति, विद्यालय निरीक्षकदेखि शिक्षा अधिकारीसम्मको मिलेमतोमा विद्यार्थीको खाजा रकम भ्रष्टाचार भइरहेको भेटियो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तय गरेको दिवा खाजाको मेनु विपरित पत्रु खाजाहरू वितरण गरिएको छ । विद्यालय १८० दिन नखुलेको भएतापनि कागजपत्र मिलाएर रकम बुझिएको छ ।

अर्कोतर्फ स्यानिटरी प्याड वितरणमा पनि चरम भ्रष्टाचार देखियो । स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ विपरीत मिलेमतोमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा स्यानिटरी प्याड खरिद गरेको अभियोगमा धेरै स्थानीय तहका कर्मचारीहरू अनुसन्धान र कारबाहीमा परेका छन् । जति उजुरी र कारबाही गरे पनि विद्यार्थीले पाउने खाजा र स्यानिटरी प्याडमा भ्रष्टाचार रोकिएको छैन ।

माथि तीन घटनाको निष्कर्ष राजनीति, सार्वजनिक पद, पेशा र सामाजिक क्रियाकलापमा सक्रिय सबैले गर्ने, तर गरेको छु भन्न नचाहने कर्म भ्रष्टाचार बनेको छ । नेपाली समाज उपभोगवादी चिन्तनको सिकार भएको छ । अस्वस्थ प्रतिस्पर्धा र कुसंस्कार मौलाएको छ । जसरी हुन्छ मनग्ये पैसा कमाएर विलासी जीवन जिउने सपना अधिकांश नागरिकको छ ।

यसैले कामको प्रकृति भन्दा पनि सहज र छिटो समयमा पैसा कमाएर छोटो समयमा धनी बन्न प्रतिस्पर्धा चल्यो । परिवार र समाजमा शक्ति, पैसा र पहुँचलाई पुज्ने संस्कार बस्योरु । विलासी जीवनयापनलाई जीवनको सम्पन्नतासँग जोडियो । जीवनको सफलता भनेकै आर्थिक सबलता बनाइयो । कस्तो जीवनलाई सफल मान्ने र कस्तोलाई असफल ? यसको एउटै उत्तर आउँछ, धन-सम्पत्ति प्रशस्त कमाउनु ।

हामी परिवार वा नातेदार कसैले पनि छोटो समयमा मनग्ये धनसम्पत्ति कमायो भने 'पैसा कहाँबाट' भनेर प्रश्न गरिदैन उल्टै 'ठूलो प्रगति गरेछ' भनेर नमूनाको रूपमा प्रस्तुत गर्छौं । उसको काम र आर्जनप्रति कुनै चासो राख्दैनौं । मात्र समय र आर्जनको हिसाब गर्छौं ।

यसको अर्थ जसरी हुन्छ पैसा आर्जन गर्नु हो । परिवार र समाजले शिक्षा भन्दा धनको सम्पन्नतालाई पुरस्कृत गरेको छ । व्यक्ति अपराधी वा तस्कर जे भए पनि उसले दिने चन्दा समाजका लागि महत्वपूर्ण बनेको छ । उदाहरणका लागि समाजको कुनै सांस्कृतिक या सार्वजनिक कार्यक्रममा जसले बढी पैसा दिएको छ उसैलाई प्रमुख अतिथि मान्छौं र सम्मान गर्छौं । यसको अर्थ व्यक्तिको कामभन्दा पनि उसको धनलाई समाजले महत्व दिएको बुझिन्छ ।

अर्कोतर्फ हामी आफ्ना छोराछोरीलाई आफैं गरिखान सक्ने बनाउनभन्दा दु:खै नगरी खान पाओस् भनेर जसरी हुन्छ सन्ततिको लागि सम्पत्ति जोड्नतिर लाग्छौं । यसले सन्तानलाई परनिर्भर र भ्रष्टाचारलाई प्रश्रय दिएको छ ।

समाजको आदर्शलाई भ्रष्टाचार र गुन्डाराजबाट धन आर्जन गरेका व्यक्तिको सफलताले छोपिएको छ । हाम्रो परिवार, आफन्त र समाजको मान र प्रतिष्ठा धन आर्जनले निर्धारण गरेको छ । परिवार र समाज दुवै भ्रष्टाचार जन्माउन उत्प्रेरणा दिने स्रोत बनेका छन् ।

देखासिकी र आडम्बरी शैली अवलम्बन गर्ने जस्ता हाम्रा सामाजिक मूल्य, मान्यता र परम्पराका कारण न भ्रष्टाचार मौलाएको हो । न त परिवारले नैतिकता सिकाउँछ न समाजले । यहाँ जसरी हुन्छ जे गरेर हुन्छ धन कमाउन परिवार र समाजले नै प्रेरणा थपेको छ । राजनैतिक दलहरूमा कार्यकर्ताको दर्जा पैसाले किनियो । राजनैतिक नियुक्तिका पदहरू पैसाले किनियो, बेचियो । अपराध र तस्करलाई पैसाले चोख्याइयो । विश्वविद्यालयका डिग्री किन्नेदेखि समाजको अपराध चोख्याउने शक्ति पैसा बनाइयो । अत: समाज पूरै पैसामा किनिएको छ, बेचिएको छ ।

नत्र मानव तस्करीको अरोपमा पूर्व मन्त्रीदेखि सचिवसम्म तानिंदा कारबाहीको लागि किन बोल्दैन समाज? सुन तस्करी र सहकारीको रकम हिनामिनामा ठूला नेताहरू मुछिंदा किन कारबाही गर्न सक्दैन सरकार ? किन बोल्दैनन् राजनैतिक दलहरू ? किन बोल्दैनन् नागरिक अगुवा ?

यसको अर्थ कुनै न कुनै सम्बन्धले भ्रष्टाचारमा हामी जोडिएका छौं, यसकारण चुपचाप छौं । भ्रष्टाचारको विरोध गर्दा आफू पनि फस्ने डरले कोही बोल्ने आँट गर्दैनौं । यसैले भ्रष्टाचारले सामाजिक संरक्षण पाएको छ । समाजको वंशज गुण भ्रष्टाचार बनेको छ ।

धन र सत्ताको मदमा समाज र राजनैतिक दलहरू लहसिएका छन्, बहकिएका छन् । धनप्रतिको लोभले विकृतिका छालहरू उछालिएका छन्, न्याय बेचिएको छ । धनले अपराधीको अपराधले न्याय पाएको छ । भ्रष्टाचार र तस्करी चोखिएको छ । यसैले अपराध र तस्करी बढ्दो छ ।

हाम्रो समाजको चरित्रले सदाचारिताको आदर्शमाथि धावा बोलेको छ । भ्रष्टाचार र तस्करीले समाजलाई किनिसकेको छ । यसर्थ समाजले नै भ्रष्टाचारलाई आत्मसात् गरेको छ ।

अर्कोतर्फ राज्य नागरिकका आवश्यकता र नागरिकलाई भविष्यप्रति सुनिश्चित गराउन सक्ने गरी सामाजिक सुरक्षाको प्रबन्धलाई व्यवस्थित गर्न चुकेको छ । नागरिकको आर्थिक गतिविधिलाई निगरानी र नियन्त्रणमा राख्ने पद्धति संस्थागत छैन । राजनीतिक नेतृत्व र दलहरूमा भ्रष्टाचार नियन्त्रण गर्ने इच्छाशक्ति, प्रतिबद्धता र व्यावहारिक अवलम्बन सहितको इमानदारीको कमी छ ।

भ्रष्टाचारको निगरानी र नियन्त्रणका लागि स्थापना गरिएका संस्थाहरूमा राजनीतिक भागबन्डाले राजनैतिक भ्रष्टाचारलाई वैधानिकता दिएको छ । राजनीतिक रूपमा कुनै समूह वा नेताप्रति बढी बफादार, उक्त दलका कार्यकर्ता र भ्रष्टाचारलाई बचाउने व्यक्ति नै नियुक्तिका लागि मापदण्ड बनेको छ ।

यसले गर्दा निगरानी र कारबाही गर्ने सरकारी निकाय उल्टै भ्रष्टाचारी र तस्करहरूलाई संरक्षण गर्ने वैधानिक संस्था बनेका छन् । भ्रष्टाचार नियन्त्रण गर्न बनाइएको शक्तिशाली निकायले उत्तरदायित्व, नियन्त्रण र सन्तुलनर हित अवस्थाको फाइदा उठाउँदै आग्रह-पूर्वाग्रहबाट परिचालित देखिन्छन् । राजनैतिक दलहरू भ्रष्ट र तस्करहरूलाई संरक्षण दिने वैधानिक संस्था बनेका छन् ।

यसैले शव जलाउनदेखि सास दिने संस्थाहरू हामी ठगिने र भ्रष्ट र तस्करहरूले ठग्ने ठाउँ बनेका छन् ।

*(साभार: अनलाइनखबर)*

# के थियो, के भयो र के हुनेछ ?

मुक्तिबन्धु

हाम्रो गाउँमा वनजंगल थिएन । नजिक पुँडो पनि थिएन । जंगल भेट्न गाउँबाट टाढा जानुपर्थ्यो । गएपछि विशाल सालवन भेटिन्थ्यो । हिँडेर नसकिने जस्तो त्यस जंगलमा एउटै पनि बाँदर भेटिन्थेन । बाँदर भेट्न मन लागे गाउँमै फर्कनुपर्थ्यो । हाम्रा गाउँका आम मानिसका घरकुँडारमा फलफूलका रुख प्राय: हुन्थेनन् । हुनेखाने मानिसका घरकुँडारमा आँप, अम्बाका दुई-चार रुख हुन्थे । भब्बु, ज्यामिर, तित्री, रुखकटहर, कन्तर र मेवाका रुख पनि हुन्थे । पँधेरा भेगमा भने विशाल-विशाल नाम्ले फेदका अग्ला र झिरिझ्याम्म आँपका रुखहरु दश-एघारवटै थिए । यी सबै बिजुवा थिए । कलमी एउटै थिएन । यसैले यी रुखहरु विशालकाय थिए ।

यी रुखमध्ये कुनैमा सिँदुरे कुनैमा सुपारे कुनैमा चुच्चे सुपारे कुनैमा लोहोरे र कुनैमा कालीलगायत विभिन्न नामका साना र मझ्यौला आकारका अति स्वादिला आँप फल्थे । ती रुखमा चढेर आँप टिप्न कसैले आँट गर्दैनथ्यो । त्यति बेला त्यहाँ बाँदरको आवश्यकता महसुस गरिन्थ्यो । एकाध ढेडु बाँदर त्यहाँ आइपुग्थे । आँप खान्थे । तिनीहरु एक हाँगाबाट अर्कोमा उफ्रँदा पाकेका आँप भररर तल झर्थे ।

यदाकदा तलबाट ढुङ्गा, मट्याङ्गाले हानेर बाँदरलाई एक हाँगाबाट अर्को हाँगामा हाम फाल्न बाध्य पनि पारिथ्यो । मनग्गे आँप झार्नका निमित्त बाँदरले एक किसिमको सेवकको काम गर्थ्यो । गाउँका केटाकेटीहरु, किशोरकिशोरीहरु रुखमुनि झुम्मिन्थे र बाँदरले झारेका त्यही आँप चुसेर तृप्त हुन्थे । असार-साउनका खेतीका चटारोबाट फुर्सद लिन मिल्दा केही युवा, प्रौढ र आँटपाँट हराई नसकेका केही वृद्धवृद्धाहरु पनि लौरो टेक्दै-खोक्दै पँधेरातिर आँप चुस्न झर्थे । पँधेरामा पानी भर्न आएका वरिपरि गाउँका कति महिलाहरु यी आँप टिपेर गाग्रीसँगै डोकामा राख्थे र घर लान्थे । कतिले बेलुका परिवार जुटेर त्यो आँप खान्थे त कतिले माडा बनाएर सुकाउँथे । पँधेराका यी आँपका विशाल वृक्षहरु गाउँलेले आफ्ना पुर्खाबाट पाएको सार्वजनिक पुरस्कार बगैंचाजस्तै थियो ।

गाउँलेका बारीमा भएका रुख सबैजसो डालेघाँसका थिए । जस्तै- टाँकी, कुट्मिरो, खस्रेटो, स्यालपुर्स्रे, काभ्रो, कोइरालो, खनायो आदि । खनायो जरा भेगमा लटरम्म फल्थ्यो । पाकेको खनायो गुलियो मीठो हुन्थ्यो । बोक्रा, बियाँ केही फाल्न नपर्ने, मिठाई खाएजसरी क्वाप्प खान मिल्ने । मानिसहरु अझ विशेषत: बालबालिकाहरु खनायो भनेपछि हुरुक्क हुन्थे । टिप्ने फुर्सद पाए पाकाहरु पनि दङ्ग पर्दै खान्थे । खनायोको स्याउला डालेघाँसमै पर्थ्यो । दाउराका लागि बारीमा कटुस, बढ्धँगेरा, बकाइना र क्यामुनाका रुख हुन्थे । एकाध चिलाउनेका रुखहरु पनि हुन्थे ।

तिनको संख्या नगण्य थियो । गाउँहरुका गाला, कन्पारा र कोखा भेगमा छाँगाछुरका अनेकौं भीर-पहरा थिए । सेतो पहरो, रातो पहरो, घोप्टे पहरो, चिप्ले पहरो आदि । सेता पहरोका टाउकामा विशाल बाघको टाउकाकै आकारको अलि बाहिर निस्केको ढिस्के पहरो थियो । त्यसमा मानिस जान, पस्न सकिने एउटा ओढार पनि थियो । त्यहाँ सरस्वतीस्थान थियो । यदाकदा गाउँलेहरु पूजा गर्न पनि जान्थे । ती पहराहरुमा राता बाँदर प्रशस्त थिए । यी बाँदर रैथाने थिए । पहराका मूलवासी । यिनीहरुमा मूलवासी हुनुको घमण्ड भने कत्ति पनि थिएन । त्यस पहरोमा कहिलेकाहीँ चितुवा पनि पस्छ, बस्छ भनिन्थ्यो ।

राणाशासनका बेला त्यसै पहरोको टाउकामाथि गएर कटुवाल कराउँथ्यो । यसै आधारमा कतिले त त्यसलाई पछिसम्म कट्वाल ढिस्को पनि भन्थे । ती ढिस्का, पहरामा पनि रुख भन्न सकिने रुख थिएनन् । थिए त केही धएँराका बोटहरु । ती बोट वसन्त ऋतुमा राताम्मे फुल्थे । बाँदरले फूलको गुलियो रस चुस्थ्यो । पाए मानिसले पनि चुस्थे । पहरामा अरु झालझाडी पनि थिएनन् । पहरामा जता हेर्‍यो झुसे बाबियो देखिन्थ्यो । नसुक्दासम्म बाबियो हरियो देखिन्थ्यो र सुकेपछि खैरो देखिन्थ्यो । पहरामा कोही घाँस काट्न, बाबियो काट्न जान सक्थेनन् । चिप्लने डर हुन्थ्यो । सुकेको बाबियोमा डढेलो लाउन भने सक्थे । बाँदरलाई गाह्रो पर्ला भनेर गाउँले कसैले यी पहरामा कहिल्यै डढेलो लगाएको इतिहास थिएन । पहराहरुमा बाँदरहरु निर्धक्क खेलिरहेका देखिन्थे ।

यी बाँदर भूमिभक्त थिए । यिनीहरु न आफू बसाइ सरेर परदेश कतै जान्थे, न परदेशी बाँदर बोलाएर आफ्नो भूमिमा बसोबास गर्न दिन्थे । यिनीहरुमध्ये रामचन्द्र कोही थिएन । शेरसिङ, प्रचण्डमान् र खड्गबहादुर पनि कोही थिएन । बिचरा बानरहरु सबैजसो अनाम थिए । तिनीहरुको व्यक्तिवाचक नाम बनेकै थिएन । कुनै मोटोघाटो जब्बर बाँदर देखिँदा गाउँलेहरु त्यसलाई ढेडु भन्थे ।

पहराहरुमुनि विभिन्न नाम र आकारका खोल्चा र बारीहरु थिए । ती बारीमा तोरी, मकै, कोदो, दाल, बोडी, भटमास, मस्याङ, जुनेलो, काँक्रा, फर्सी आदि अनेकौं बाली लगाइन्थे । तिल, फापर र घैया पनि लगाइन्थ्यो । झुसे आलस लगाइन्थ्यो । हम्मेसी बाँदर नपुग्ने बारीमा टन्नै उखु लगाइन्थ्यो । बाँदरले उखु मन पराउँथ्यो । मकै धेरै नै मन पराउँथ्यो । मकैका घोगा लाग्न थालेपछि गाउँलेहरु आ-आफ्ना कुकुर लिएर बारीको रखवारी गर्न निस्कन्थे । कतिले पहरैमुनि एकाध सुर्का बाली बाँदरका लागि भनेर छाडिदिएका हुन्थे । कति त हनुमान् स्तोत्र पाठ गरेर बाँदरमा सद्बुद्धिको आशा गर्नेहरु पनि थिए । बाली जोगाउन बेलाबेला सावधान रहनुपरे पनि बाँदरहरुसँग गाउँलेहरुको खास शत्रुता थिएन ।

पहराहरुमाथि पनि ठूला-ठूला गाउँहरु थिए । तिनका खेतबारी पनि थिए । बीच पहराका बासिन्दा यी बानर चारैतिर गाउँका साझा छिमेकी थिए । बानरहरु पहरामा हुनुको पनि सौन्दर्य थियो । कति चाडपर्वमा खाद्यवस्तुहरु छिमेकी बाँदरको पनि भाग लाग्थ्यो । बाँदर हिउँदमा यदाकदा गाउँघरमा पनि आउँथे । कुन्योका एकाध घोगा मकै थुतेर लान्थे । यत्तिले बाँदरको जीविका चल्थ्यो, गाउँले किसानलाई खास हानि नोक्सानीको अनुभूति हुन्थेन । मानिसहरु प्रकृतिप्रेमी थिए । जीवजन्तुप्रति संवेदनशील थिए । पहरातिर कदाचित् चितुवा देखा पर्दा बाँदरहरु समवेत् स्वरमा कराउँथे । आवाज सुनेपछि ल चितुवा आएछ भन्ने गाउँलेहरुलाई थाहा हुन्थ्यो । बाच्छा, पाडा र कुकुर बाहिर छन् भने घरभित्र सार्थे । सावधान रहन्थे । खास नोक्सान हुन पाउँदैनथ्यो ।

चारैतिर ठूला-ठूला गाउँका बीचका भीरपहराहरु एक किसिमले बाँदरका दरबार थिए । बाँदर आफ्ना दरबारमा बस्थे । मानिसहरु आ-आफ्ना घरमा बस्थे । हरेक घरमा बालबालिकाहरु, युवायुवतीहरु, प्रौढप्रौढाहरु, वृद्धवृद्धाहरु हुन्थे । घर भने पनि परिवार नै हुन्थ्यो । परिवार मिलेर खेती गर्थे । गाउँघरमा आपसमा पर्मपात पनि चल्थ्यो । श्रमसँग गाउँलेको तादात्म्य सम्बन्ध थियो । गाउँलेहरु धेरैजसो आ-आफ्ना खेतबारीमै आफैं काम गरिरहेका हुन्थे । खेतबारीहरु नै बाँदर र मानिसका मिलनस्थल थिए । त्यसताका पहराका बाँदरहरु गाउँलेहरुका लागि खास समस्या थिएनन् ।

त्यसताका मुलुकमा राजनीतिले व्यवसायको रुप लिएको थिएन । यसैले राजनीतिक व्यवसायीहरु पनि थिएनन् । मुलुकमा आशा भरोसाका रुपमा स्थापित उद्योग कारखानाहरु रहर लाग्दो गतिमा चलिरहेका थिए । धेरै युवायुवतीले रोजगारी पाएका थिए । स्कुल-कलेजहरुमा अटाई नअटाई विद्यार्थी हुन्थे । सरकारले जताततै मानव बेचबिखन कम्पनीहरु खोलेर मुलुकका युवायुवतीहरु र विद्यार्थी बालबालिकालाई विभिन्न मुलुकमा निकासी गर्ने व्यापार व्यवसाय चलाएको थिएन ।

नागरिकहरु राजनीतिक साहु-सामन्तका बेचबिखनमा परेका थिएनन् । तिनले निर्धक्कसँग आफ्ना खेतबारीमा खेती गर्न पाएका थिए । गाउँबस्ती कृषिउपजले लदाबदी थियो । गाउँहरुले आफू पालिएर उब्रने उपजले राजधानीलगायत मुलुकका शहरहरुलाई पनि पालेको थियो । यति हुँदा पनि नसकिएर मुलुकको धानचामललगायत अन्नहरु कम्पनी खोलेर त्यसको माध्यमबाट विदेशतिर पनि निकासी व्यापार गरिन्थ्यो । मुलुकलाई व्यापारघाटा थिएन । नागरिकका थाप्लामा करोडौंको विदेशी ऋणको घट्ट घुमेको थिएन ।

*क्रमश: पृष्ठ-३....*

# अदालतको फैसलाले एनआरएनए भित्र कतै उत्साह, कतै संशय




काठमाडौं/सर्वोच्च अदालतले गैरआवासीय नेपाली संघ (एनआरएनए) दुई महाधिवेशन र चुनिएको कार्यसमितिलाई अमान्य ठहर गरेपछि यसको पक्ष र विपक्षमा प्रतिक्रियाहरु आएका छन् ।

सर्वोच्चले एनआरएनएको विवाद समाधानका लागि गठित शेष घले नेतृत्वको उच्चस्तरीय समितिलाई ६ महिनाभित्र महाधिवेशन गर्न आदेश दिएपछि एनआरएनए अभियन्ताहरुले मिश्रित प्रतिक्रिया दिएका छन् । कसैले अब एनआरएनएभित्र एकताको वातावरण बन्ने आशा राखेका छन् भने कसैले यो फैसलाले विवाद समाधान नहुने जिकिर गरेका छन् ।

सर्वोच्चले बुधबार गरेको फैसला एनआरएनएको २०७८ चैत ८ देखि ११ गतेसम्म सञ्चालित महाधिवेशनसँग सम्बन्धित छ । त्यतिबेला भएको दशौं महाधिवेशनले महाधिवेशनले कुल आचार्य, रविना थापा र बद्री केसी एक-एक वर्ष अध्यक्ष रहने घोषणा भएको थियो । तर, असन्तुष्ट समूहले विनोद कुँवरको अध्यक्षतामा रहेको अर्को समिति घोषणा गरेको थियो । विनोद कुँवर पक्षले परारष्ट्र मन्त्रालयले आचार्य, थापा र केसी पक्षलाई मान्यता दिएको भन्दै सर्वोच्चमा रिट दायर गरेको थियो ।

सर्वोच्चमा मुद्दा चलिरहेकै बेला गत कात्तिकमा भएको महाधिवेशनले बद्री केसी र आरके शर्माको अध्यक्षतामा समितिहरु बनेका थिए । तर यी सबै समिति अवैध भए र अब शेष घले नेतृत्वको उच्चस्तरीय समितिले ६ महिनाभित्र महाधिवेशन गराउनुपर्नेछ ।

**आशावादी छन् कुँवर र आरके शर्मा समूह**

रिट निवेदक विनोद कुँवरको कार्यसमिति उपाध्यक्ष रहेका थर्कबहादुर सेनले अदालतको फैसला सबै गैरआवासीय नेपालीको जित भएको टिप्पणी गरेका छन् ।

'फैसलाले केही व्यक्तिहरूको स्वार्थमा सीमित स्वघोषित र अवैधानिक ६ महिने तीन अध्यक्ष पक्षधरहरूलाई शून्य झारिदिएको छ' सेनले सामाजिक सञ्जालमा लेखेका छन्, 'यो फैसलाबाट धेरै हर्षउल्लास वा हतोत्साही नभई धैर्यधारण गरौं ।'

सेनले अदालतले अमान्य घोषित गरेका कार्यसमितिले संस्था विभाजन गर्ने र स्रोत साधनको अपचलन गर्ने काम गरेको भन्दै क्षतिपूर्ति भराउनुपर्ने मत राखेका छन् । गत कात्तिकदेखि एनआरएनएको समानान्तर कार्यसमिति चलाएका आरके शर्माले फैसलाले एनआरएनएलाई फेरि मूल उद्देश्यतिर केन्द्रित हुने ढोका खोलेको बताए ।

विगतमा नेतृत्वको आकांक्षी सबैले कहीं न कहीं कमजोरी गरेको भन्दै शर्माले ३-४ टुक्रा हुने कुरा संघको परिकल्पना र उद्देश्य नै नभएको बताए । 'पछिल्लो समयमा को नेता हुने भन्ने होडबाजी धेरै भयो, त्यसमा नेतृत्वमा चाहना राख्ने मसहितका सबै साथीहरुबाट कमीकमजोरी भयो', उनले भने, 'अब सबैले आत्मसमीक्षा गर्दै सम्मानित पार्षदहरु र विश्वभर छरिएर रहेका नेपालीहरुसँग माफी माग्दै कमी कमजोरी सच्याउनुपर्छ ।'

अब गैरआवासीय नेपाली संघलाई बचाउन सर्वोच्चको फैसला अनुसार अघि बढ्नुको विकल्प नभएको शर्माले बताए । 'संघलाई मूल उद्देश्यतिर लाने बाटो सर्वोच्च अदालतले खोलिदिएको महसुस भएको छ । सबैले आ-आफ्नो दम्भ छोडेर र पुराना गल्तीहरुलाई सुधारेर अघि बढ्नुको विकल्प छैन', उनले भने ।

नेतृत्वको लोभ गर्नेहरुको जिद्दीले गर्दा संस्था खराब ठाउँमा पुगेको भन्दै उनले अब फेरि एक ठाउँमा उभिने बाटो खुलेको बताए । 'सर्वोच्चले सबै गैरआवासीय नेपालीको भावनाको सम्मान गरेको छ । यो भावनालाई आत्मसाथ गर्दै सबैले एकताको महाधिवेशन गरेर संघलाई पुरानै इज्जतमा फर्काउन लाग्नुपर्छ', शर्माले भने ।

**सशंकित छ केसी समूह**

तर, बद्री केसी समूह भने यो फैसलाप्रति संशकित छ । केसी नेतृत्वको कार्यसमितिका उपाध्यक्ष रहेका डा. हेमराज शर्मा सर्वोच्चको फैसला अनपेक्षित रहेको बताउँछन् ।

'फैसला हेर्दा रिट निवेदकले माग गरेभन्दा बाहिरबाट आयो, यो अपेक्षित हैन', शर्माले भने, 'मिल्नुस् भन्ने तात्पर्यमा फैसला आएपनि त्यसका लागि अदालतबाट नै रोड म्याप खडा हुनु चाहिं अच्चम्मकै विषय हो ।'

न्यायाधीश सपना प्रधान मल्ल र नहकुल सुवेदीको इजलासले शेष घले नेतृत्वको उच्चस्तरीय समितिले ६ महिनाभित्र महाधिवेशन गराउने आदेश दिएको छ ।

समितिमा उपेन्द्र महतो, देवमान हिराचन, जीवा लामिछाने, भवन भट्ट, रामप्रताप थापा सदस्य थिए । सर्वोच्चले उक्त समितिमा कुल आचार्य, रविना थापा, बद्री केसी, विनोद कुँवर, उमेशकुमार पुडासैनी र जानकी गुरुङलाई थप गर्न पनि आदेश दिएको छ । केसी समूहले यसरी सहमतिको रोडम्याप नै अदालतले दिनुमा असन्तुष्टि जनाएको हो ।

डा. शर्माका अनुसार फैसलाभित्र महाधिवेशन गराउने समितिमा रहने व्यक्तिहरुको नाम नै न्यायाधीशहरुले कसरी किटान गरे भन्ने प्रश्न जन्मिएको छ ।

केसी पक्षले एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्वाचनसम्बन्धी सबै समस्याहरुको विधानसम्मत ढंगले समाधान गर्ने निर्णय गरिसकेको सन्दर्भमा अदालतको आदेशले समस्या खडा गरेको बताएको छ ।

'श्रीमानहरुले समितिमा बस्नेहरुलाई कसरी पहिचान गर्नुभयो, उहाँहरुलाई को-को मान्छे राख्ने भन्ने कसरी थाहा हुन्छ ?' डा. शर्माले भने, 'फेरि अदालतले अवैधानिक घोषणा गरेका कार्यसमिति र त्यसलाई बनाउनेहरुलाई नै राखिएको छ ।'

डा. शर्माले अदालतले लगनगाँठो कसिदिँदैमा मन नमिल्ने बताए । '२०२१ मा महाधिवेशन प्रतिनिधि रहेकाहरु २०२३ पछि एनआरएनएको नवीकरण नगरेको भए सदस्य नै नरहेको हुनसक्छन्, यस्तो अवस्थामा अब चुनाव के र कसको आधारमा हुन्छ ?' शर्माले भने, 'अदालतले बनाएको समितिलाई कार्यकारी अधिकार पनि दिइएको छैन, यस्तो अवस्थामा समन्वय परिषद गठन, सदस्यता वितरण जस्ता काम गर्न मिल्दैन, त्यसैले यही समितिले गरेको कामबारे भविष्यमा कानुनी प्रश्न उठ्न सक्छन् ।'

विगतमा शेष घले नेतृत्वको उच्चस्तरीय समितिले विवाद समाधान गर्न नसकेको भन्दै डा. शर्माले अहिले अदालतले उनीहरुलाई नै जिम्मा दिँदा पनि विवाद समाधान हुनेमा विश्वास नभएको बताए ।

फैसला पुनरावलोकनमा जाने हो भन्ने प्रश्नमा उनले यसबारे छलफल भइरहेको बताए । फैसलाको पूर्णपाठ आएपछि निर्णय लिइने उनको भनाइ छ । बद्री केसीले भने निकटस्थहरुसँग फैसलाको पूर्णपाठ आएपछि मात्रै आफूले प्रतिक्रिया दिने बताएका छन् ।


*(स्रोत: अनलाइनखबर)*

# फिल्मका लागि फेरिएको हो निखिलको लुक्स ?

काठमाडौं/कुनै समय नेपाली फिल्ममा अभिनेता निखिल उप्रेतीको ठूलो जगजगी थियो । एउटै सेड्युलमा ३/४ वटासम्म फिल्ममा काम गर्थे । पोस्टरमा उनको अनुहार राखेको भरमा फिल्म चल्ने समय थियो । तर, समय सधैं एकनाश हुँदैन । 'लुट'पछि हिरोको परिभाषा नै बदलियो । पर्दामा दयाहाङ राईजस्ता अनुहारको दबदबा बढ्दा निखिल जस्ता स्थापित कलाकारको उपस्थिति कमजोर हुँदै गयो ।

निखिलको कमब्याक फिल्म 'भैरव' राम्रै चलेको थियो । तर, त्यसपछि उनको अनुहारले फिल्म चल्न छाड्यो । यसैले हुनसक्छ, ५ वर्षदेखि उनी फिल्ममा देखिएका छैनन् । प्रस्तावको अभावले होइन, उनी आफैंले इच्छा देखाएनन् । आजकाल उनी अभिनयभन्दा जीवन र जगतको बारेमा प्रवचन दिन व्यस्त छन् । तर, निखिललाई हेरेर हुर्किएको एउटा पुस्ता भने उनको फिल्म हेर्न अधैर्य छ ।

खासमा उनी आफैं फिल्म बनाउने तयारीमा छन् ।



कोभिडअघि उनले 'भैरव'को सिक्वेल बनाउन लागेको चर्चा चलेको थियो । पछि निखिलले पारिवारिक कथामा फिल्म बनाउन लागेको जानकारी गराए । अभिनेता रमेश उप्रेतीसँग मिलेर एक्सन फिल्म बनाउन लागेको पनि चर्चा चलेको छ । तर, कुनै फिल्म बन्न सकेका छैनन् । अब भने उनी फिल्ममा फर्किन लागेको संकेत देखिएको छ ।

निखिलले २/३ वर्षदेखि लामो दाह्री पालेका थिए । अहिले भने उनको लुक्स नै फेरिएको छ । संचारकर्मीलाई प्राप्त एक तस्वीरमा उनी सफाचट देखिएका छन् । जुँगा भने लामै छ । यो लुक्स फिल्मका लागि हुनसक्ने देखिन्छ । उनको लुक्सले एक्सन चरित्रको संकेत गर्छ । उनले बनाएको छवि पनि यही हो । उनको परिवर्तित लुक्स फिल्मका लागि चाहिँ हो वा होइन, प्रष्ट भइसकेको छैन ।

# 'बलिदान'मा भित्रिइन् ऋचा

काठमाडौं/सन्तोष सेनको निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्म 'बलिदान'मा अभिनेत्री ऋचा शर्माले मुख्य भूमिकामा अभिनय गर्ने भएकी छन् । उनीसँग निर्देशक सेनले बिहीबार कागजी सम्झौता गरेका छन् । ऋचाले फिल्ममा निभाउने भूमिकाको बारेमा भने जानकारी गराइएको छैन । आगामी बैशाख अन्तिम साताबाट छायांकन सुरु गर्न लागिएको फिल्मले द्वन्द्वकालीन समयको कथा उठाउँदैछ ।

यो फिल्मबाट सुपरस्टार विराज भट्टका छोरा समीर भट्टले अभिनेताको रुपमा डेब्यू गर्दैछन् । उनले मुम्बईमा रहेर अभिनय, मार्सल आर्ट, नृत्य र द्वन्द्वको तालिम लिएका थिए । उनको क्यारेक्टर पोस्टर दुई साताअघि सार्वजनिक गरिएको थियो । फिल्ममा उनको अपोजिटमा अभिनेत्री नीति शाह हुनसक्ने सम्भावना उच्च छ ।



यसमा सौगात मल्ल र अर्पण थापा पनि मुख्य भूमिकामा रहनेछन् ।

आसुसेन फिल्मस् तथा सन्तोष सेनको प्रस्तुतिमा बन्न लागेको फिल्मको निर्मातामा पवन ब्राडफोर्ड बिस्ट र सह-निर्माता प्रेम पुरी छन् । देशको अस्मिता जोगाउन एक युग पुरुष कसरी जन्मिछ भन्ने कथामा फिल्म बन्ने निर्देशक सेनको भनाई छ । फिल्मलाई आगामी दशैंको फूलपाती (असोज २४)मा रिलिज गरिँदैछ । तराईको एक ठाउँमा सेट खडा गरेर फिल्म खिच्ने तयारीमा निर्देशक सेन छन् ।

# ओलीसँग बढ्दैछ कांग्रेस नेताको खुसामद

काठमाडौं/कांग्रेस-माओवादी गठबन्धन तोडेर एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्री प्रचण्डसँग गठजोड गर्न पुगे पनि कांग्रेस नेताहरु उनीसँग रिसाए जस्ता देखिँदैनन् । कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा अझै पनि एमालेसँग सहकार्यको सम्भावनाबारे बोलिरहेका छन् ।

राजनीतिक स्थिरता र विकास निर्माणलाई तीव्रता दिनका लागि संसदका ठूला दुई दलबीच सहकार्य आवश्यक छ भन्नेमा शेखर कोइराला, थापा र शर्मा मात्रै होइन, स्वयं संस्थापन पक्षका नेताहरु र मेश लेखक, एनपी साउद लगायत समेत छन् ।

कांग्रेस उच्च सूत्रका अनुसार स्वयं सभापति शेरबहादुर देउवा यति बेला एमाले अध्यक्ष ओलीसँग संवाद जोड्न इच्छुक छन् । विगतमा आफू माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डसँग गठबन्धनसमा रहेका बेला ओलीले कुराकानी गर्न खोजे पनि गठबन्धनको सहयात्री माओवादी बिच्केला भनेर कुरा नगरेकोमा अघिल्लो महिना उनले पछुतो नै मानेका थिए ।

यसै मेहरोमा कांग्रेस नेता कोइरालाले विराटनगरमा बिहीबार बिहान एमालेसँग सहकार्यको खाँचो औंल्याउन पुगे । एमाले अध्यक्ष ओलीसँग पछिल्ला दिनमा उनको संवाद बाक्लिएको उनीनिकट नेताहरुले बताएका छन् । बालकोट स्रोतले पनि त्यसलाई पुष्टि गरेको छ ।

'लुकाउनुपर्ने कुरै छैन । २-४ सिट भएका दललाई फकाउँदा फकाउँदा हैरान भयो, अब कांग्रेस-एमाले मिलेर जनताको निराशा चिरौं,' शेखरलाई उद्धृत गर्दै उनी निकट नेताले भने, 'समयमै केही गरेनौं भने यो मास फ्रस्ट्रेसन अझै बढ्ने देखिन्छ ।'

स्रोतका अनुसार शेखरले ओलीसँग उठाएको मूल विषय निर्वाचन प्रणालीबारे हो । संविधानमा व्यवस्था गरिएको चुनाव प्रणालीले सधैं अस्थिरतामा लगिरहने खतरा रहेकाले दुई पार्टी बीचमा सहमति जुटाएर संविधान संशोधन गराउन शेखर जोडबल गरिरहेका छन् । कांग्रेससँग ८८ र एमालेसँग ७९ सांसद रहेको संसदमा दुई दलको मिलेमतोले निर्णायक बदलाव ल्याउन सक्छ ।

'हाम्रा अध्यक्ष यो प्रस्तावमा नकारात्मक हुनुहुन्न । एउटै कन्सर्न के हो भने अहिले संविधान संशोधनका लागि हामी तयार बन्दैगर्दा अरु पनि विषय खुल्ने हुन् र संविधानकै स्थायित्वमा प्रश्न उठ्ला कि ?', बालकोट स्रोतले भन्यो ।

एमाले र कांग्रेसका बीचमा सम्भावित सहकार्यले सत्ता राजनीतिमै उथलपुथल ल्याउन सक्ने कोणबाट अनुमानहरु चल्न थालेका छन् । एमाले उपमहासचिव प्रदीप ज्ञवालीले राष्ट्रिय मुद्दाहरुमा सरकार-प्रतिपक्ष नभनी खुलस्त छलफल हुन सक्ने भए पनि अहिलेको सत्ता गठबन्धनलाई पुनरावलोकन गर्ने कुनै सम्भावना एमालेको तर्फबाट नरहेको बताएका छन् ।

'कांग्रेससँगको छलफल स्वभाविक हो, आर्थिक मन्दी, अन्तर्राष्ट्रिय सम्बन्धमा विगतमा देखिएको असन्तुलन लगायत विषयमा कांग्रेससँग पनि हाम्रो कुरा हुने नै भयो', ज्ञवालीले भने, 'तर पात्रविशेषले गरेका गल्तीका लागि प्रणालीलाई जोडेर छलफल नगर्ने कि भन्नेमा सचेत छौं ।'

शेखर पक्ष, अनि एमाले दुवै स्रोतले दुई नेताको कुराकानीलाई राजनीतिक मुद्दामात्रैको कलेवर दिन खोजे पनि प्रचण्डकै विकल्प खोज्न एमाले र कांग्रेस तयार भइरहेको अर्थमा राजनीतिक वृत्तमा व्याख्या गर्न खोजिएको छ । एमाले-माओवादीको नयाँ गठबन्धन निर्माण भएसँगै प्रादेशिक सरकार अदलबदलमा आइपरेको प्रतिकुलता साम्य पार्न स्वयं माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डलाई हम्मे परेको थियो ।

बुधबार बिहान बालुवाटारमा दुई अध्यक्ष अर्थात् ओली र प्रचण्ड बसेर प्रादेशिक किचलो टुंग्याउने, अनि १५ वैशाखको उपचुनावमा मिलेर उम्मेदवारी घोषणा गर्ने सहमति गरे पनि इलाम २ कै सहजता बझाङमा छैन । बझाङको प्रदेश उपचुनावमा एमालेसँगै माओवादीले पनि आफ्नो उम्मेदवारी घोषणा गरेको छ । मनोनयन दर्ता र फिर्तासम्म त्यही अवस्था रहन्छ कि फेरिन्छ भन्नेमा संशय व्याप्त छ । कांग्रेसले यसै सम्भावित परिस्थितिसमेतमा आफू खेल्ने ठाउँ हेरिरहेको छ ।

कोइरालाले विराटनगरमा बोल्दै संविधान बनाउन कांग्रेस र एमाले नै चाहिएकाले स्थिरता र विकासका लागि पनि फेरि यी दल मिल्नपर्ने मत राखेका थिए । उनले अहिलेको एमाले माओवादी गठबन्धनबाट आर्थिक विकास र जनतामा आशा जागरण सम्भव नभएकाले विकल्पमा जानुपर्ने बताएसँगै राष्ट्रिय राजनीति तरंगित बनेको छ ।

बुधबार संसदमा बोल्ने क्रममा कांग्रेस महामन्त्री शर्माले एमालेका नेता गोकुल बाँस्कोटाको, अनि दुई साताअघि रमेश लेखकले शेरबहादुर तामाङको प्रसंग उठाउँदै एमालेको प्रशंसामात्रै गरेनन् । दुबैले मन्त्री भएका बेला आरोप लाग्दा राजीनामा दिएको भन्दै प्रशंसा पाएका थिए । यो विषयलाई सत्ता साझेदारलाई पनि झस्काएको छ । लेखकले र शर्माले र माओवादीबाट पालैपालो धोका पाएकाहरु अर्थात कांग्रेस र एमाले साथै मिलेर आए के होला भनी परिकल्पनासमेत गर्न लगाएका थिए ।

गठबन्धन बदलिएलगत्तै २३ फागुनमा कांग्रेस महामन्त्री थापाले भनेका थिए, 'हाम्रा निम्ति पनि अब सबै खालका विकल्पहरु जायज भएका छन् । संसदमा कसैको पनि बहुमत नपुगेको, कुनै एउटा दलले मात्रै बहुमत पुऱ्याउन नसकेको यो परिस्थितिमा कांग्रेस पार्टीले के गर्नुपर्छ, के के गर्न सक्छ, के-के गर्न हुन्छ भन्नेतर्फ हामीहरु सचेत छौं । जे गर्नुपर्ने हो त्यो कुराहरु गर्छौं ।' उनले एमालेसँगको सम्भावित सहकार्यबारे यो संकेत दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# के थियो, के भयो...

त्यसताका मुलुकमा रैथाने बीउबीजन र प्रविधिमा फस्टाएको कृषि व्यवसाय त थियो नै । उद्योग व्यापार व्यवसाय पनि आफ्नै गतिमा फस्टाउँदै थिए । राजनीतिक व्यवसाय भने फस्टाउन सकेको थिएन । व्यवसायका रुपमा राजनीतिको पहिचान नै थिएन । राजनीति त्याग, योग र जनसेवा मानिन्थ्यो । देशसेवा मानिन्थ्यो । राजनीति पनि व्यवसाय हुन सक्छ भन्ने बोध मुलुकका साहु-महाजन, रकमी-कलमी, चाटुकारहरुमा पनि थिएन ।

मुलुकमा अजङ्गका परिवर्तनहरु भए । उद्योग, व्यापार र कृषिजस्ता व्यवसायहरुलाई छायामा पारेर हरेक परिवर्तनले राजनीतिलाई नै खास व्यवसायका रुपमा अगाडि ल्यायो । परम्परागत र पछि थपिएका उद्योग व्यवसायहरु क्रमश: उखेलिँदै गए । कल कारखानाहरु बेचिँदै, बढारिँदै गए । सरकारबाट पाउनुपर्ने प्रोत्साहन नपाएर कृषि व्यवसाय धर्मराउँदै गयो । पछिल्लो परिवर्तनपछि त मुलुकमा राजनीतिबाहेक अरु व्यवसाय बाँकी नै रहेन । व्यवसाय बनेपछि अब राजनीतिले पनि चोला फेऱ्यो । राजनीति अब राज्यसञ्चालनको नीति रहेन । राज्यदोहनको धन्दा चलाउने एउटा व्यवसाय मात्र रहिदियो ।

राजनीतिक व्यवसायी, साहु, सामन्त, नेता, उपनेताहरुले मुलुकलाई युवाविहीन बनाउनुमा आफ्नो निर्बाध तथा विरोधविहीन भविष्य देखे । भ्रष्टाचार र माफियातन्त्रका लागि बेजोड सम्भावना देखे । प्रतिरोधी आन्दोलनको मृत्यु देखे । नरहे बाँस नबजे बाँसुरी । मुलुकमा चलिआएका उद्योग इलमका कलकारखाना बृहत् योजनापूर्वक बढारिएकै थिए । नयाँ खोल्ने र चलाउने पहल हुन दिएनन् । यस्तो अवस्थामा मुलुकमा बेरोजगारी त बढ्नु नै थियो, बढ्यो ।

यसै बीच राज्यले योजनाबद्धरुपमा वैदेशिक रोजगारीका बाटो खोल्ने र हल्ला फिँजाउने अघोषित अभियान चलायो । सरकारकै पहलमा मुलुकमा जताततै मानव बेचबिखनका कम्पनीहरु खोलिए । शिक्षा ध्वस्त पार्न विद्यालय, विश्वविद्यालयहरुमा राता, काला, नीला विविध रङ्ग र ढङ्गका धमिराहरु हुलियो । कृषिलाई सरकारी तहमा दिनुपर्ने प्रोत्साहन दिइएन । व्यापकरुपमा मुलुकमा यस्तो वातावरण निर्माण गरियो, जसका कारण युवायुवतीहरुमा देशको वर्तमान र भविष्यप्रति नै आशा-विश्वास ओइलाउँदै गयो, मर्दै गयो । हुनेखानेका सन्तान विद्यार्थी भिसामा युरोप, अमेरिका छिर्दै गए ।

गाउँबस्तीका निम्न र निम्नमध्यम किसान युवायुवतीहरु रोजगारीको खोजीमा मानव बेचाहा तस्करहरुलाई तृप्त पार्दै खाडीका विभिन्न मुलुकतिर छिर्दै गए । विगत बीस-पच्चीस वर्षमा मुलुक युवाविहीन भयो । अब गाउँबस्तीमा युवायुवती भेटिँदैनन् । शहरमा पनि तिनको उपस्थिति नितान्त पातलो छ । विद्यालय, विश्वविद्यालय, क्याम्पसहरु दिनानुदिन विद्यार्थीविहीन बन्दै छन् । गाउँ युवाविहीन बनिसकेको छ । राजनीतिक व्यवसायले अरु सबै सम्भावित व्यवसायहरु खाई बुत्याइसकेको छ ।

वर्तमान र भविष्यका रैथाने जनशक्ति अर्थात् युवायुवती र बालबालिकाहरुलाई विदेशतिर धपाइसकेको छ । गाउँबस्तीका खेतबारीहरु बाँझा पल्टेका छन् । अनाज, दलहन, तिलहन लदाबदी फल्ने खेतबारीमा अब वन-बुट्यानले ढाकेको छ । त्यहाँ अब मानिस होइन बाँदर, बँदेल र भालुहरु भेटिन थालेका छन् । सुनिन्छ, राजनीतिक साहु-सामन्त, व्यापारीहरु यसैमा दङ्ग छन् र बाँदर हटाउने बहानामा अब तिनै रुख पनि काटेर बेची कमाउने दाउमा छन् । बूढापाकाहरु भन्छन्, बाँदर त समस्या नै होइन, वन-बुट्यान पनि समस्या होइन । गाउँमा मानिस नहुनु पो समस्या हो त । कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर भनेको यही हो नि ! रैथाने मानिस त विदेश निकासी गरिसकिए । अब रुखहरुको पालो आएको छ ।

*(साभार: नेपाल सामाचार-पत्र)*

# रामबाबुको स्वीकारोक्ति- 'म बजारमुखी नै छु'

काठमाडौं/मौलिक स्वाद बोकेको फिल्म थियो, 'कबड्डी' । यही फिलमबाट रामबाबु गुरुङ निर्देशनमा स्थापित भए । उनलाई 'खाँटी सर्जक'को समेत उपमा दिइयो । मौलिक पात्र र परिवेशको कथा पस्किएको 'कबड्डी' हरेक कोणबाट आदर्श फिल्म थियो । दोस्रो श्रृंखलाले पनि त्यो धर्म छाडेन । तर, यसको चौंथो श्रृंखलासम्म आइपुग्दा भने निर्देशक गुरुङ बजार केन्द्रित बढी भएको आरोप लागेको छ ।

रामबाबुलाई भने आफू बजारमुखी भएको आरोप महसुस भएको छैन । यद्यपि, उनलाई आफू 'बजारमुखी छु' भन्ने चाहिँ बोध छ । बिहीबार पत्रकारसँग उनले भने, 'म बजारमुखी भएँ भन्ने आरोप नै महसुस भएको छैन । 'कबड्डी' बनाउने बेलामै यो मेरो पेशा हो र यहीँ व्यावसायिक हिसाबले काम गर्नुपर्छ भन्नेमा म प्रष्ट थिएँ । त्यसकै फलस्वरुप 'कबड्डी ४'सम्म आयो । हो, म बजारमुखी नै छु ।'

फिल्म बनाउँदै गर्दा सर्जक र निर्माताको हिसाबले फरक-फरक दबाब रहने उनको बुझाई छ । 'निर्माताको हिसाबले व्यावसायिक दबाब हुन्छ । तर, 'कबड्डी' सिरिजभन्दा धेरै कमाउनुपर्छ भन्ने दबाब चाहिँ होइन । कमसेकम लगानी सुरक्षित हुनुपर्छ भन्ने लाग्छ । तर, सर्जकको हिसाबले विगतको कामभन्दा अझ राम्रो हुनुपर्छ र केही फरक हुनुपर्छ भन्ने दबाब सधैं भइरहन्छ,' रामबाबु सुनिए ।

उनको आगामी फिल्म 'डिग्री माइला' यही चैत ३० गतेदेखि प्रदर्शनमा आउँदैछ । यो नाटकमाथि आधारित भएर बनेको फिल्म हो । तर, 'डिग्री माइला'को परिकल्पना नाटक र फिल्म सँगसँगै भएको उनको जिकिर छ । त्योबेला नयाँ भएकाले उनले फिल्म बनाउन आँट गरेनन् । यो 'कबड्डी' बन्नुभन्दा पनि अगाडिको कुरा हो । नाटक सफल



भएपछि भने उनलाई फिल्म बनाउन हौसला मिल्यो ।

उनी अगाडि भन्छन्, 'खासमा नाटक र फिल्मको परिकल्पना सँगसँगै भएको थियो । त्यसबेला हामी नयाँ थियौं । आँट आइसकेको थिएन । क्यारेक्टर चाहिँ निकै रोचक लागेकाले यसमा फिल्म बनाउनुपर्छ भनेर कथामा काम गरि रहेकै थियौं । त्यही क्यारेक्टरमा दयाहाङ राईले नाटक बनाएपछि त्यसको जसरी चर्चा भयो अनि हामीलाई पनि अब फिल्म पूरा गर्नुपर्छ भन्ने हौसला मिलेको हो ।'

उनले धेरैपटक 'डिग्री माइला' नाटक हेरेका छन् । नाटक हेरिरहँदा त्यसरी नै फिल्म बनाउने उनमा हुटहुटी जागेको थियो । फिल्म बनाइसकेपछि भने उनको फरक अनुभव छ । उनी भन्छन्, 'नाटकमा जस्तो खालको पात्र र घटना छ, त्यसरी नै फिल्ममा पनि गर्न पाए हुन्थ्यो भन्ने मलाई लागेको थियो । तर, टेक्निकली त्यस्तो नहुने रहेछ । लेखनदेखि मेकिङसम्म धेरै कुरा निकै फरक हुने रैछ ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# समयमै भुक्तानी नदिए आन्दोलन गर्ने संघको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ तोकिएको समयसीमा भित्र पनि दुग्ध उद्योगबाट दुग्धको भुक्तानी नदिएको भन्दै मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघले आन्दोलन गर्ने चेतावनी दिएको छ ।




गत फागुनमा केन्द्रीय दुग्ध सहकारी संघ र नेपाल सरकार कृषि मन्त्रालय अन्तरगत दुग्ध विकास संस्थान तथा निजी डेरीबीच भएको सम्झौता अनुसार चैत्र २१ गतेसम्म पौष मसान्तसम्मको दुधको भुक्तानी गर्ने सहमति भएको थियो । तर, यो समयमा सम्झौताअनुसार भुक्तानी नभएको भन्दै संघले आन्दोलन गर्ने चेतावनी दिएको हो । संघले विहीबार विज्ञप्ती जारी गर्दै किसानलाई आन्दोलनमा सहभागी हुन अनुरोध गरेको छ । संघका अध्यक्ष हरिप्रसाद कडेंलद्वारा हस्ताक्षार गरिएको विज्ञप्तीमा विभिन्न ४ बुँदे माग राख्दै आन्दोलन गर्नुपर्ने बाध्यता आएको उल्लेख गरिएको छ ।

विज्ञप्तीमा सम्झौता अनुसारको दूधको भुक्तानी चैत्र मसान्तभित्र गरिसक्नु पर्ने र बाँकी भुक्तानी निरन्तर दिने व्यवस्था गर्नुपर्ने, किसानबाट उत्पादित दुग्ध निरन्तर बिक्री हुने व्यवस्था मिलाउनुपर्ने, दुग्ध उत्पादक किसानलाई दिंदै आएको लिटर अनुदानमा निरन्तरता दिने व्यवस्था गरिनुपर्ने र पशुबीमालाई सहकारी संस्थामार्फत गर्ने व्यवस्था गरिनु पर्ने उल्लेख छ । विज्ञप्तीमा किसानबाट उत्पादित दूध खरिद गर्ने केही निजी उद्योग बाहेक अधिकांश निजी तथा सरकारी दुग्ध उद्योगबाट विगत ५ महिनादेखिको भुक्तानी प्राप्त नभएको अवस्थामा किसान आर्थिक संकटको परेको उल्लेख गरिएको छ ।

केन्द्रीय दुग्ध सहकारी संघ र जिल्ला दुग्ध उत्पादक सहकारी संघद्वारा २०८० फागुन १४ गतेदेखि गरिएको आन्दोलनकै क्रममा केन्द्रीय दुग्ध सहकारी संघ, नेपाल सरकार कृषि मन्त्रालय अन्तरगत दुग्ध विकास संस्थान र निजी डेरीबीच भएको सम्झौताअनुसार किसानको दुग्ध बिक्रीको भुक्तानी २०८० चैत्र २१ गतेभित्र २०८० पौष मसान्तसम्मको भुक्तानी गर्ने र बाँकी भुक्तानी माघ महिनादेखि निरन्तर गर्दै जाने सम्झौता भएकोमा सम्झौता कार्यान्वयन नभएकोमा सरकार र उद्योगी किसानको समस्याप्रति गम्भिर नभएकोमा मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघले खेद प्रकट गरेको विज्ञप्तीमा उल्लेख छ ।

किसानको पसिनाको मूल्य भुक्तानीप्रति सम्बद्ध पक्ष गम्भिर नभएमा आन्दोलनको आधिबेहरी सृजना गर्नुपर्ने अवस्था आएको संघका अध्यक्ष कंडेंलले बताए । उनले दुग्ध उत्पादक किसानका समस्याप्रति बेवास्था गर्ने सरकार र निजी दुग्ध उद्योगीविरुद्ध निर्णायक आन्दोलनमा सहभागी हुनुपर्ने अवस्था सिर्जना भएकाले सम्पूर्ण दुग्ध उत्पादक किसानलाई तयारी अवस्थामा रहन समेत अनुरोध गरे ।

केन्द्रीय दुग्ध सहकारी संघले तत्सम्बन्धी विषयलाई लिएर निकालेको विज्ञप्तीप्रति मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको ऐक्यवद्धता रहेको समेत विज्ञप्तीमा उल्लेख गरिएको छ । संघले उद्योगीसँग करिव ५० करोड बराबर रकम भुक्तानी लिन बाँकी रहेको र सदस्यसंस्थामार्फत कृषकलाई करिब ४८ करोड बराबर रकम भुक्तानी दिन बाँकी रहेको मकवानपुर जिल्ला सहकारी संघका व्यवस्थापक कुमारमणि दाहालले बताए ।

# बागमतीका सभामुख पाठक अमेरिका भ्रमणमा

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठक अमेरिका भ्रमणमा निस्किएका छन् । सभामुख पाठक निजी कामका लागि गएराति त्यसतर्फ प्रस्थान गरेको उनको स्वकीय सचिवालयले जनाएको छ ।

सभामुख पाठक १० दिनको भ्रमण सकेर वैशाख ३ गते फर्कने कार्यसूची रहेको प्रदेशसभा सचिव पूर्णबहादुर दर्जीले बताए । स्वदेश फर्किएलगत्तै प्रदेशसभाको नियमित बैठक बस्ने तयारी गरिएको पनि जनाइएको छ ।

# प्रतिफल आउने काम गर्न स्वास्थ्यमन्त्री श्रेष्ठको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/बागमती प्रदेश सरकारका नवनियुक्त स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले स्वास्थ्यसम्बन्धी कार्यक्रम संचालन गर्दा नतिजामूलक प्रतिफल आउने गरी कार्यसम्पादन गर्न मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिएका छन् ।

मंगलबार अबेर नवनियुक्त स्वास्थ्य मन्त्रीका रुपमा पदबहाली गर्दै मन्त्री श्रेष्ठले स्वास्थ्य मन्त्रालयले नागरिकको स्वास्थ्यसुधारका लागि लिएका सकारात्मक पहल र कार्यको कार्यान्वयन तीब्रताका साथ गर्दै जानुपर्नेमा जोड दिए । स्वास्थ्यको कार्यक्षेत्रलाई विचार गर्दै आगामी वर्षको बजेट सिलिङ नै स्वास्थ्य मन्त्रालयको लागि वृद्धि गर्न पर्ने बताउँदै उनले त्यसका लागि सम्बन्धित निकायमा आफूले पहल गर्ने प्रतिवद्धता व्यक्त गरे । नागरिकको गुणस्तरीय स्वास्थ्यसेवाप्रति प्रतिवद्ध हुँदै उनले बुधबार बिभिन्न निर्णय सार्वजनिक गरेका छन् ।

सार्वजनिक गरिएका निर्णयमा आत्महत्या न्यूनीकरणको लागि संयन्त्र निर्माण कार्य सम्बन्धमा स्वास्थ्य मन्त्रालयको नेतृत्वमा सर्वपक्षीय आत्महत्या न्यूनीकरण सम्बन्धी संयन्त्र बनाई व्यापक जनचेतना फैलाउने, बागमती प्रदेशमा रहेका १३ वटै प्रादेशिक अस्पताल र आयुर्वेद चिकित्सालयमार्फत् मानसिक रोगको निदान एवम् उपचारसेवा प्रदान गर्ने, स्थानीय तहको साझेदारिमा समुदायस्तरमा मानसिक स्वास्थ्यको स्क्रिनिङ र निदान एवम् मनोसमाजिक परामर्शलाई सुदृढीकरण गर्ने, प्रदेश स्वास्थ्य नीति, २०८० को मस्यौदाको स्वीकृत गरी मन्त्रिपरिषद्मा प्रस्ताव लैजानुपूर्व आर्थिक मामिला तथा योजना मन्त्रालयको रायको लागि पठाउने निर्णय भएको जनाइएको छ ।

पदभार ग्रहण कार्यक्रममा स्वास्थ्य मन्त्रालयमा नवनियुक्त स्वास्थ्यमन्त्रीलाई मन्त्रालयका सचिव बद्रीबहादुर खड्का, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र डिन, स्वास्थ्य निर्देशनालयका निर्देशक दीपकप्रसाद तिवारी, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक बसन्त अधिकारी एवम् स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुखलगायत कर्मचारीबाट स्वागत गरिएको थियो ।

# मेयर कपको उद्घाटनमा ११ र ३ नम्बर वडा भिड्ने

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ हेटौंडामा चैत २४ गतेबाट हुने चौथो मेयर कप फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ । हेटौंडा उपमहानगरपालिकाको सहयोग तथा नगर खेलकुद विकास समितिको व्यवस्थापनमा हुने प्रतियोगिताको खेलतालिका बिहीबार सार्वजनिक गरिएको हो ।

सार्वजनिक खेलतालिका अनुसार चैत २४ गतेको उद्घाटन खेल साविक विजेता हेटौंडा-११ र ३ नम्बर वडा भिड्ने भएका छन् । चौथो संस्करणको प्रतियोगितामा हेटौंडा उपमहानगरका १९ वटै वडाले सहभागिता जनाएको युवा तथा खेलकुद शाखाअधिकृत बसन्तकुमार सिटौलाले जानकारी दिए । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगिताको फाइनल खेल बैशाख ४ गते हुनेछ ।

प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख ५० हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगितामा सहभागी भई तृतीय र चौथो हुने टिमले सान्त्वनास्वरुप ५० हजार र २५ हजार रुपैयाँ नगद प्राप्त गर्ने सिटौलाले बताए ।

# मकवानपुरमा सय साना सिचाई योजना सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/कृषि उत्पादकत्व बढाउने उद्देश्यले मकवानपुरका विभिन्न भेगमा सञ्चालित १०१ साना सिँचाइ योजना पूरा भएका छन् । यसबाट ग्रामीण क्षेत्रका किसानलाई खेतीपाती गर्न सहज भएको छ ।

बागमती प्रदेशको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले चालु आर्थिक वर्षमा एक सय ९१ वटा योजना पूरा गर्ने लक्ष्य रहेकामा गत फागुनसम्ममा १०१ योजना सम्पन्न भएका जनाएको छ । एक सय ९१ योजनाका लागि ३८ करोड ९८ हजार रुपैयाँ विनियोजित रकममध्ये सम्पन्न भएका योजनामा १७ करोड ८९ लाख ४८ हजार रुपैयाँ खर्च भएको बताइएको छ ।

सम्पन्न योजनाअन्तर्गत नदी नियन्त्रणतर्फ चारवटा, सिँचाइ सम्बन्धी ८० वटा, मझौला सिँचाइ योजना एक तथा अन्य १५ वटा योजना छन् । योजनाअन्तर्गत चालु आवको हालसम्म पाँच हजार मिटर कुलो, सातवटा कल्भर्ट, दुई वटा पक्की सिँचाइ मुहान, तीनवटा सिँचाइ पुल निर्माण, एक सय २४ मिटर जाली निर्माण, तीन हजार एक सय ७६ जाली बाँध निर्माण, दुई हजार तीन सय ८० मिटर बाँध निर्माण, छ हजार चार सय ५० मिटर लामो पाइपबाट सिँचाइ कुलो निर्माण भएको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्रमुख निर्मल दाहालले जानकारी दिएका छन् ।

पुरानो नहरको संरचना मर्मतबाट पाँच सय हेक्टर जमिन तथा थप नयाँ सिँचाइ योजनाबाट दुई सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । मकवानपुर जिल्लामा हालसम्म ६२ हजार १७ हेक्टर खेतीयोग्य जमिन भए पनि २० हजार हेक्टरमा मात्र सिँचाइ सुविधा पुगेको छ । चालु आवको अन्तिमसम्ममा पुराना तथा नयाँ सिँचाइ योजना सम्पन्न भएमा एक हजार ५० हेक्टर थप जमिन सिञ्चित हुने कार्यालयको जनाएको छ । बागमती प्रदेशको जलस्रोत तथा सिँचाइ विकास मन्त्रालयले दुई वर्ष अगाडि प्रदेशका १३ जिल्लामा खेतीयोग्य जमिन तथा त्यहाँ उपलब्ध सिँचाइ सुविधाबारे सर्भे गरेको थियो ।

# ८२ थान मोबाइल सहित चालक पक्राउ

हेटौंडा, २२ चैत/ मकवानपुर प्रहरीले मनहरीबाट ठूलो परिणाममा भन्सार छलेर ल्याएको सामानसहित सवारी चालकलाई नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय मनहरी मकवानपुरको प्रहरी टोलीले पूर्वपश्चिम लोकमार्गअन्तर्गत मनहरी गाउँपालिका वडा नं. ७ स्थित सडक खण्डमा सवारी साधनहरु जाँच गर्ने क्रममा बागमती बिएडी ४३७० नम्बरको गाडीबाट भन्सार छलेर ल्याएको ८२ थान मोबाइल, लत्ताकपडालगायत सामग्रीहरू बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीका अनुसार मंगलबार राति लोथरबाट हेटौंडातर्फ आउँदै गरेको गाडीमा भन्सार छलेर बिलबिजक नभएका अवैधरुपमा ल्याइएको विभिन्न किसिमका साडी, कुर्था सुरुवाल, टीसर्ट, पाइन्ट, जुत्ता लगायत लत्ताकपडाहरु दुई हजार ७४४ थान बरामद भएको छ ।


## शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२३*

उपरोक्त सम्बन्धमा संघीय सरकारको मावि शिक्षक अनुदान कोटामा पदपूर्ति गर्ने यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/१२/१८ को बैठकको निर्णय अनुसार यस विद्यालयमा तपशील बमोजिमको गणित बिषय शिक्षक पदपूर्ति गर्नुपरेको हुँदा ईच्छुक तथा योग्य नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/२०८०/८१ | मा.शि.गणित | अनुदान कोटा | १ | |

२. शौक्षिक योग्यता :- गणित बिषयमा स्नात्तक वा सो सरह उत्तीर्ण ।
३. उमेर :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. परीक्षाको किसिम :- लिखित, अन्तर्वार्ता तथा कक्षा अवलोकन
५. तलब : नेपाल सरकारद्वारा अनुदान कोटाको लागि तोकिएबमोजिम ।
६. दरखास्त दस्तुर :- नगद रु १०००/- (एक हजार मात्र) निवेदन साथ पेश गर्नुपर्ने ।
७. दरखास्त दिने अन्तिम मिति:- २०८१/१/७ गते विद्यालय समय भित्र
८. दरखास्त दिने स्थान: श्री पशुपतिनाथ मावि मनहरी-४ मसिने
९. सम्पर्क मिति :-२०८१/१/९ गते आइतबार
१०. परीक्षा मिति :- सम्पर्क मितिमा तोकिनेछ ।
११. आवश्यक कागजात
क) हस्तलिखित निवेदन १ प्रति ।
ख) शैक्षिक योग्यताको र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
घ) स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि २ प्रति ।

**नोट:**-शिक्षक सेवा आयोगको करार सूचिमा रहेकाहरुको हकमा विज्ञापन भएको ७ दिनभित्र दरखास्त दिनुपर्ने छ ।

**सम्पर्क नं.** ९८४५०२२५१८ (प्र.अ.), ९८४५१०३५२३ (विव्यस अध्यक्ष)

**श्री पशुपतिनाथ माध्यमिक विद्यालय**
मनहरी-४, मसिने, मकवानपुर



Education is the real treasure

**We are hiring...**

25 Years of Excellence in Education — Celebrating Silver Jubilee

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity. We are looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. **Secondary & Basic Level Faculty :** *Social Studies, Mathematics, Computer Science, English, Science, Nepali, 'Health, Physical & Creative Arts', English Phonics, Nepali Phonics*
2. **School Counsellor**
3. **Officers:** *Event Management, IT Administration, Human Resource*
4. **ECA Instructor :** *Art & Craft, Music, Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing*
5. **Assistants :** *IT Administration, Computer Operator, Front Desk*
6. **Hostel Staffs :** *Cook, Helpers, Gardener* **( भान्से, सहयोगी र माली )**

For further details, please visit **www.hetaudaacademy.edu.np/vacancy**

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 6. Preference will be given to well trained and experienced candidates in related areas.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at ***hr@hetaudaacademy.edu.np*** with 2 references and expected salary not later than **9 April 2024**.

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

**HETAUDA ACADEMY**
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np



हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






***Ready To Eat***

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना